आज मिति २०८२।११।२९ गते (ने.स.११४६ चिल्लागा नवमी) शुक्रबार दिन विहानको १०:३० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८२/८३ को बाह्रौ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| कपिल पाण्डे | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| | | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| प्रविन पोख्रेल | प्रशासकीय अधिकृत | |
| राजेन्द्र प्रसाद आचार्य | ल.लेखा अधिकृत | |
| लक्ष्मी कार्की जोशी | का.स. | |
| | | |
| | | |

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका (दोस्रो संशोधन) २०८२ पारित गर्ने निर्णय गरियो।

निर्णय नं २

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने।

क. यस गाउँपालिकाको कार्यालय सहयोगी पदमा जनशक्ति आवश्यक रहेकोले प्रचलित कानुन बमोजिम कार्यालय सहयोगी पदका लागि विज्ञापन आह्वान गर्ने निर्णय गरियो। साथै सो सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने समेत निर्णय गरियो।

ख. आ.व. २०८२/०८३ मा विनियोजित भएका योजना तथा कार्यक्रम अन्तर्गत सम्झौता गर्न बाँकी भएका योजनाहरु चैत्र मसान्त भित्र सम्झौता गरिसक्ने गरि वडा कार्यालय मार्फत सम्बन्धित पक्षलाई जानकारी गराउने निर्णय गरियो।

ग. म्याग्दी जिल्लाबाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित डा. महाविर पुनज्यूलाई गाउँ कार्यपालिकाको तर्फबाट बधाई तथा शुभकामना ज्ञापन तथा गाउँपालिका भित्र आवश्यक योजना तथा पूर्वाधार, पालिकाको समस्या लगायतको विषय राख्ने निर्णय गरियो।

घ. अन्नपूर्ण गाउँपालिका वडा नं. ६ घारखोलामा अवस्थित राम मन्दिर संरक्षण तथा व्यवस्थापनका लागि राम मन्दिर संचालक समिति र वडा कार्यालयको सिफारिस अनुरुप १५ थान ग्याविनजाली माग भएको हुँदा माग भएबमोजिमको ग्याविनजाली उपलब्ध गराउने।

ङ. अन्नपूर्ण गाउँपालिका वडा नं. ६ खिम्जामा वर्षातका कारण खानेपानीको पाइप बगाएको हुँदा खिम्जाका ११ घर परिवारको निवेदन, वडाको सिफारिस र प्राविधिक इस्टिमेटका आधारमा ३२mm को २०० मिटर पाइप उपलब्ध गराउने।

च. यस गाउँपालिकाबाट आयठेक्का लागेका तपसिल बमोजिमका स्थानहरुमा आ.व. २०८२/०८३ मा विनियोजित बजेट "आयठेक्का लागेका स्थानहरुमा समाग्री खरिद" शिर्षकबाट व्ययभार हुने गरि माग भए बमोजिमको सामाग्री खरिद गरि भुक्तानी दिने।

तपसिलः

I. भुरुङ तातोपानी कुण्ड।

II. रातोपानी कुण्ड।

III. पाउद्वार कुण्ड।

IV. पुनहिल

छ. अन्नपूर्ण प्रथम आधार शिविर सरसफाई अभियानका क्रममा खरिद गरिएको डस्टबिन, प्लास्टिक, पञ्जा लगायतका सामाग्रिको भुक्तानी दिने।

कोपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

# अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ६ संख्या : ७ मिति : २०८२/१२/०२


**भाग-२**

## अन्नपूर्ण गाउँपालिका

अन्नपूर्ण गाउँपालिकाको कार्यसञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०८२

### अन्नपूर्ण गाउँपालिकाको कार्यसञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०८२

अन्नपूर्ण गाउँपालिकामा उपलब्ध मानव संशाधनलाई उत्प्रेरित गर्दै उत्पादकत्व वृद्धि हुने गरी कार्य सञ्चालनलाई प्रभावकारी बनाउन, उपलब्ध स्रोत साधनको परिचालन एवं प्रयोगमा पारदर्शिता, मितव्ययिता र प्रभावकारिता ल्याई आर्थिक सुशासन कायम गर्न, तथा उत्पादनमूलक तथा प्रतिफलयुक्त क्षेत्रमा लगानी अभिवृद्धि गर्न अन्नपूर्ण गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ मिति २०८२/११/२९ गतेको गाउँ कार्यपालिकाको बैठकले देहायको नियमहरु बनाइएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः-**

(१) यो निर्देशिकाको नाम "अन्नपूर्ण गाउँपालिकाको कार्यसञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०८२" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागु हुनेछ।

२. **मुल निर्देशिकाको दफा १८** "उपदफा ४ मा जुनसुकै कुरा लेखिएको भएता पनि आ.व २०७९/०८० को लागि भाडामा लिइएका घरहरु यथावत रहनेछन्। उपदफा ४ मा उल्लिखित बाहेकका अन्य घर/कोठाका लागि आ.व २०८०/०८१ बाट कार्यालयले दायित्व वहन गर्ने छैन ।" सट्टामा "उपदफा ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकामा कार्यरत कर्मचारीहरु, स्वास्थ्यकर्मीहरुको लागि उपलब्ध भएसम्म गाउँपालिकाले सरकारी आवास नै उपलब्ध गराउने, सोको व्यवस्थापन गर्न नसकिने अवस्थामा गाउँपालिकाको कार्यालयमा कार्यरत प्रत्येक कर्मचारीलाई मासिक रु २५००/- (अक्षरुपी पच्चिस सय मात्र) र वडा तथा स्वास्थ्य चौकिमा कार्यरत कर्मचारीहरुलाई मासिक रु.१०००/- (अक्षरुपी एक हजार मात्र) आवास खर्च उपलब्ध गराउन सकिने छ ।तर यसै गाउँपालिकामा स्थायी घर ठेगाना भएको र आफ्नो घरबाट नै कार्यालयमा दैनिक आवातजावत गर्न सक्ने तथा कार्यालयको आवासमा बस्ने कर्मचारीहरुको लागि मासिक आवास खर्च उपलब्ध गराईनेछैन।

३. **मुल निर्देशिकाको दफा १५** मा रहेको "कुनै काममा अधिक खटिने कर्मचारीलाई प्रोत्साहन भत्ता दिने गरी गाउँसभाले व्यवस्था गरेमा प्रोत्साहन भत्ता उपलब्ध गराउन सकिने" लाई यथावत राख्दै गाउँपालिका भित्र कार्यरत वडा सचिवले निर्वाह गरिरहेको जिम्मेवारी, कार्यचाप तथा सेवा प्रवाहलाइ थप प्रभावकारी बनाउन वडा सचिवलाइ मासिक रु.३०००/- प्रोत्साहन भत्ता दिने।

राजपत्रमा प्रकाशित मिति : २०८२/१२/०२

आज्ञाले,

कपिल पाण्डे

प्रमुख प्रशासकीय अधिकृत